नेपाल सुनचाँदी व्यवसायी महासंघ

नेपाल सुनचाँदी रत्न तथा आभुषण महासंघ

मितिः २०८२ असार ५ गते

आर्थिक बर्ष २०८२/८३ को बजेट वक्तव्य मार्फत समेटिएका अव्यवहारिक कर नीति सम्वन्धी

# प्रेष विज्ञप्ती

उपरोक्त सम्बन्धमा नेपाल सुनचाँदी यवसायी महासंघ र नेपाल सुनचाँदी रत्न तथा आभुषण महासंघ देशभरका सुनचाँदी तथा हस्तकला ब्यवसायीका साझा संस्था हुन्। यी संस्थामा प्रत्येक्षरुपमा लाखौं मानिसहरु र अप्रत्यक्षरुपमा दशौं लाख मानिस जोडिएका छन्। सुनचाँदी तथा हिराजवाहरात र हस्तकला ब्यवसायवाट राज्यले पनि बर्षेनी अबौं रुपैयाँ राजस्व प्राप्त गर्दै आइरहेको सर्वविदितै छ। राज्यले ल्याएका जुनसुकै नीति नियमहरुलाई हामी ब्यवसायीहरुले निर्वाधरुपमा लागु गर्दै आएको अवस्थामा पछिल्लो समयमा राज्यले सम्वद्ध ब्यवसायीको माग र सुझावलाई ब्यवास्ता गर्दै एकोहोरो रुपमा लागु गर्न खोजेको अवस्था छ।

२०८२-०८३ को बजेट वक्तव्यमार्फत सरकारले सुनचाँदी, हिरा, जवाहतरात तथा हस्तकला ब्यवसायीलाई मात्र नभई आम उपभोक्तालाई समेत प्रत्येक्षरुपमा अशर पर्ने गरी विलासिता कर र भ्याटको नाममा चर्को भार पार्न खोजेको अवस्था छ। यदी यो ब्यवस्था लागु भएको खण्डमा समग्र सुनचाँदी, हिरा, जवाहरात तथा हस्तकला ब्यवसायी आफ्नो ब्यवसाय बन्दै गर्नुपर्ने अवस्थामा पुग्ने निश्चित छ। बिश्व बजारमा सुनको मुल्य वृद्धि भई सामान्य उपभोक्ताको क्रयशक्ति भन्दा ज्यादा भई कारोबार नै लगभग ठप्प प्राय भएको बिद्यमान अवस्थामा एक पछि अर्को गर्दै करको बोझ थपी ब्यवसायी र उपभोक्ताले थेग्नै नसक्ने गरी भार बोकाइनु कत्तिको जायज छ ? यसर्थ यी समस्या समाधानका लागि यहाँवाट आवश्यक पहलकदमी हुने कुरामा हामी बिश्वस्त छौं।

सरकारले हाम्रा यी मागहरुमा चासो नदेखाएमा बाध्य भई ब्यवसाय नै बन्द गरी आन्दोलनमा होमिई ब्यवसायको ताला चावी नै सुम्पनु पर्ने अवस्था सृजना हुनसक्ने अवस्था छ। गत बर्ष बजेट भाषण गरेको दिन जेठ १५ गते प्रति तोला सुनको मुल्य १ लाख ३७ हजार १० रुपैयाँ थियो। यस बर्ष जेठ १५ गते यो मुल्य तोलाको १ लाख ८७ हजार ८ सय पुगेको छ। यही मुल्यमा भएको बृद्धिवाट १० प्रतिशत भन्सार मार्फत नै राज्यलाई कर संकलनमा राम्रो सहयोग पुगिरहेको हाम्रो ठम्याई छ।

## २ प्रतिशत विलासिता कर सम्बन्धमाः

नेपाल सरकारले २०८२-८३ को बजेट वक्तव्य मार्फत सुन तथा सुनका गहनामा लागुंगर्न खोजेको २ प्रतिशत विलासिता कर पटक्कै पिच्छेको बिक्रीमा लागू हुने बहु कर प्रणाली (राउन्ड ट्रिपिङ) हो। झट्ट

सुन्दा २ प्रतिशत जस्तो मात्र लागे पनि व्यवहारमा भने ग्राहकहरूको लागि कमसेकम ६ प्रतिशतको हाराहारीमा थप मूल्य तिर्नुपर्ने बाध्यकारी कर प्रणाली हो ।

यस अनुसार मानौं २ लाख रुपैयाँ मूल्यको सुन बैंकले सुन डिलरलाई २ प्रतिशत बिलासिता कर सहितबेच्दा २०४००० मा बेच्छ । सुन डिलरले पसलेलाई फेरि ४००० थपी २ लाख ८ हजारमा बेच्छ। ।यही सामान पसलेले ग्राहकलाई फेरि बिलासिता कर ४००० थपी २ लाख १२०००मा बेच्छ । यसरी २ लाखमा १ तोला सुन किन्न ग्राहकलाई १२ हजार पैसा थप्नुपर्ने बाध्य बनाउँछ विलासिता करले । यसै त सुनको मुल्य आकासिएर मन्दी भइरहेको समयमा बजेटको यो वर्तमान व्यवस्थाले सुन बजारलाई अझ महामन्दीतर्फ अग्रसर बनाउने देखिन्छ । किनभने यसले सुन बजारमा पुनः फिर्ता बिक्री (Buy Back Guaranty) को प्रचलनमा नराम्रोसंग बाधा पुयाउँछ ।

कयसले सुनको बिक्री दर र खरिददरको अन्तरलाई अझ फराकिलो बनाउँछ । सुन फिर्ता बिक्री गर्दा गतवर्षको भन्दा प्रतितोला थप १२ हजार घाटा हुने पक्का भएपछि उपभोक्ताहरू सुन किन्न आकर्षित नहुने कुरा सहजै अनुमान गर्न सकिन्छ । अर्कोतिर यसले प्रत्येक पसलको सुनको खुद्रा बिक्री मूल्यमा फरक पार्न सक्छ । अहिलेसम्म सम्बधित महासंघहरुले तोकेको एउटै आधिकारिक मूल्यमा किनबेच गर्न अव्यस्त ग्राहकहरूलाई थरीथरीको खुद्रा मूल्यले अलमलमा पार्न सक्छ । बैंक, डिलर, उद्योग लगायत कति तह पार गरेर सुन किनिएको हो त्यही अनुसार प्रत्येक तहमा २ प्रतिशत बिलासिता कर जोडेर लागत आधार मूल्य समायोजन गर्नुपर्ने भएपछि पसल पिच्छे खुद्रा बिक्री मूल्य कायम हुन सक्छ ।

सुनका गरगहना हाम्रो धर्म, संस्कृति, सामाजिक संस्कार तथा रीतिरिवाजको अभिन्न हिस्सा हो । यो धनी वा अभिजात्य वर्गले मात्र प्रयोग गर्ने वस्तु पक्कै पनि होइन । समाजमा मध्यम वर्ग, निम्न वर्गले पनि आफ्नो गच्छे अनुसार उपभोग गर्ने वस्तु अन्तर्गत सुनचाँदीका गरगहना पर्छन् । साथै सुनका गहना आम उपभोक्ताले सुरक्षित बचत वा लगानीको लागि सजिलोसँग बुझ्ने वा रोज्ने बस्तु हुन् । अझ महत्वपूर्ण कुरा त हाम्रो देशको देवानी संहिता २०७४ ले सुनलाई नगद सरहको सम्पत्तिको रूपमा परिभाषित गरेको छ । यसरी समाजका सबै तह तप्काका मानिसले प्रयोग गर्ने र सम्पत्तिको रूपमा जोड्ने सुनमा विलासिता कर लागू हुनु कुनै पनि कोणबाट न्यायोचित देखिँदैन र औचित्यपूर्ण पनि देखिँदैन ।

**हिरा लगायत बहुमूल्य पत्थरपत्थरमा लगाइएको मूल्य अभिवृद्धि कर सम्बन्धमाः**

नेपाल सरकारले २०८२-०८३ को बजेट मार्फत जारी गरेको हिरा तथा बहुमूल्य पत्थरमा १३ प्रतिशतको मूल्य अभिवृद्धि करले आम उपभोक्तालाई अझ थप महङ्गीको भार बोकाएको छ । सुनचाँदीका गहना भन्नासाथ त्यसको शोभाको लागि कुनै न कुनै पत्थर जडान गरिएको नै हुन्छ । यसरी बहुमूल्य पत्थर जडान गर्दा पत्थरमा त भ्याट लागू हुने नै भयो । यसको अलावा नेपालको कर कानुन अनुसार Vat / Non Vat जोडेर बन्ने मिश्रित उत्पादनको पुरै मूल्यमा (सुन पत्थरको पुरा मूल्यमा) १३ प्रतिशतको भ्याट लागू हुने भएपछि सुनका गरगहनामा पनि घुमाउरो पाराले ६ प्रतिशतको विलासी कर माथि थप १३ प्रतिशतको भ्याट जोडी कुल १९ प्रतिशत सम्मको मूल्य वृद्धि हुने भएको छ । जस अनुसार गत वर्षभन्दा यस वर्ष बजेटको नयाँ व्यवस्थाले एक तोलाको पत्थर जडित सुनका गहनाको मूल्य वृद्धि रु ३८ हजारको

हाराहारीमा हुन्छ । यति ठूलो मूल्य वृद्धिको बोझ आम नेपाली उपभोक्ताले बोक्न सक्दैन भन्ने हाम्रो ठम्याई हो । एउटै गहनामा विलासीकर र भ्याट लागू हुने भएपछि दोहोरो कर लागू हुने भएको छ । जसलाई कुनै पनि अर्थमा न्यायोचित मान्न सकिँदैन ।

यस्तो मूल्य वृद्धिले हाम्रो देशको खुल्ला सिमानाबाटसुनका गरगहनाको अवैध आयातलाई अझ धेरै प्रोत्साहन मिल्ने छ । जसले यहाँका २५ औँ हजार व्यवसायी र ३ लाख भन्दा बढी कालीगढ तथा मजदुरहरू र १५ लाख अश्रित व्यक्तिको रोजीरोटी धरापमा पर्ने निश्चित प्रायः छायसैले नेपाल सरकारले बजेटको यो व्यवस्थाप्रति पुनर्विचार गरी २ प्रतिशत विलासिता कर र १३ प्रतिशतको मूल्य अभिवृद्धि कर खारेज गर्न हार्दिक अपिल गर्दछौं ।

## नेपाल सुनचाँदी व्यवसायी महासंघ र नेपाल सुनचाँदी रत्न तथा आभुषण महासंघको

२०८२ असार ४ गते सम्पन्न संयुक्त राष्ट्रिय भेला

## काठमाडौं घोषणा-पत्र २०८२

१. नेपाल सरकारलाई २०८२ असार मसान्तसम्मको “अल्टिमेटम” दिई सुनमा लगाइएको २ प्रतिशत विलासिता कर र हिरा तथा वहुमूल्य पत्थरमा लगाइएको १३ प्रतिशत भ्याटको सन्दर्भमा पुनर्विचार गरी खारेज गर्नको लागि ज्ञापन पत्र दिने ।

२. नेपाल सरकारसंग विभिन्न समयमा भएका सहमति र प्रतिवद्धताको सम्मान गर्दै हाल भईरहेको विरोध एवं आन्दोलनका कार्यक्रमहरु २०८२ असार मसान्तसम्म स्थगित गरी रचानात्मक क्रियाकलाप गर्ने ।

३. २०८२ असार मसान्त भित्र हाम्रा माग संवोधन नभएमा विभिन्न विषयगत समूह मार्फत साझा संघर्ष र खवरदारी गर्दै सशक्त आन्दोलन अघि वढाउने ।

४. सुनचाँदी, हीरा तथा वहुमूल्य धातुका गहना सम्बन्धि नीति निर्देशिका यथाशिघ्र लागू गराउन निर्णयक पहल गर्ने ।

........................
किसान सुनार
अध्यक्ष
नेपाल सुनचाँदी रत्न तथा आभुषण महासंघ

........................
अर्जुन रसाईली
अध्यक्ष
नेपाल सुनचाँदी ब्यवसायी महासंघ